# हुलाक सेवा विभाग र
# राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला
# बीच भएको हुलाक वस्तु (प्रयोगशाला नमूना/चिठीपत्र/रिएजेन्ट लगायत)
# ढुवानी तथा वितरण सम्बन्धी सम्झौता

हुलाक सेवा विभाग, बबरमहल, काठमाण्डौ (यसपछि प्रथम पक्ष भनिएको) र राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला (यस पछि दोश्रो पक्ष भनिएको) का बीच दोश्रो पक्षबाट उपलब्ध गराएको हुलाक वस्तुहरू तोकिएको स्थानसम्म तपसिलका शर्तको अधिनमा रही हुलाक मार्फत ढुवानी तथा वितरण गर्नका लागि गरिएको द्विपक्षीय सहमतिको सम्झौताः

**सम्झौताका शर्तहरुः**

१) प्रथम पक्षले दोस्रो पक्षलाई हुलाक सेवा मार्फत प्रचलित कानुन बमोजिम आवश्यकता अनुसारका हुलाक वस्तुहरूको ढुवानी सेवा प्रदान गर्नेछ।

२) दोस्रो पक्षले आफ्नो तथा अनुसूची १ बमोजिमका निकायको कार्यालय परिसरबाट उपलब्ध गराउने हुलाक वस्तुहरू बुझिलिई पार्सलका रुपमा प्याक भएको हुलाक वस्तुलाई सम्बन्धित कार्यालय/स्थानसम्म ढुवानी गर्ने तथा तोकिएको कार्यालय वा वितरण केन्द्रमा बुझाई सोको भरपाई दोस्रो पक्षलाई उपलब्ध गराउने दायित्व प्रथम पक्षको हुनेछ। तर विशेष परिस्थितिमा अनुसूची-२ बमोजिम गर्न बाधा पर्नेछैन।

३) ढुवानीका लागि हुलाक वस्तुको संकलन गर्ने समय र स्थानको सम्बन्धमा दोस्रो पक्षले कम्तिमा ३ दिन अगावै प्रथम पक्षका प्रतिनिधि (गोश्वारा हुलाक कार्यालय, डिल्लीबजार/काठमाण्डौ उपत्यका बाहिरका सम्बद्ध हुलाक कार्यालय) लाई जानकारी उपलब्ध गराउनु पर्नेछ।

४) अनुसूची-१ बमोजिमका निकायहरु रहेका जिल्लाका हुलाक कार्यालयहरु मार्फत प्राप्त हुने हुलाक बस्तुहरु (ल्याव नमूना) को हुलाक महशुलको विल सम्बन्धित हुलाक कार्यालयहरुले दोस्रो पक्षलाई पठाउनु पर्नेछ र दोस्रो पक्षले विल बमोजिमको महशुल मासिक/त्रैमासिक रुपमा सम्बन्धित कार्यालयहरुमा भुक्तानी गर्नुपर्नेछ।

५) दोस्रो पक्षले हुलाक मार्फत तोकिएको स्थानमा पठाएको हुलाक वस्तु बुझ्ने कर्मचारी, समय, स्थान, आदिको विवरण प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
बबरमहल, काठमाडौं

Government of Nepal
Ministry of Health and Population
Department of Health Services
National Public Health Laboratory
Teku, Kathmandu
2050

६) प्रथम पक्षले यस प्रक्रियामा हुलाक वस्तुलाई ट्र्याकिंग बारकोड सहित हुलाकको POSTAL INTERNAL TRACKING SYSTEM (PITS) मा दर्ता गरी सम्बन्धित गन्तव्य ठेगानासम्म पुऱ्याउने व्यवस्था मिलाउनुपर्नेछ। साथै हुलाक वस्तुहरु रहेका पुलिन्दाहरुको तत्कालीन अवस्थिति दोस्रोपक्षले ट्र्याक गर्न सक्ने व्यवस्था प्रथम पक्षले मिलाउनुपर्नेछ।

७) दोस्रो पक्षबाट प्राप्त हुलाक वस्तुहरू ढुवानी गरिने स्थान अनुसार रहेको स्थान/जिल्लागत हिसाबले रजिस्ट्री पुलिन्दा(PARCEL)/द्रुत डाँक(EMS) का रुपमा प्रथम पक्षले दर्ता गर्नेछ।

८) प्रथम पक्षले रजिस्ट्री पुलिन्दा(PARCEL)/द्रुत डाँक(EMS) का रुपमा दर्ता गरेका हुलाक वस्तुहरू सम्बन्धित गन्तव्यमा काबुबाहिरको परिस्थितिमा बाहेक अधिकतम ७ (सात) दिनभित्र पुऱ्याउनुपर्नेछ। काबुबाहिरको परिस्थितिमा हुलाक वस्तु समयमै तोकिएको गन्तव्यमा पुऱ्याउन नसकिएमा दोश्रो पक्षले प्रथम पक्षसँग क्षतिपुर्ति लगायत कुनै कुराको दावी गर्नेछैन। तर प्रथम पक्षले छिटो माध्यम (फोन/इमेल) द्वारा दोस्रो पक्षलाई सोको जानकारी गराउनुपर्नेछ। दुबै पक्षको सघन समन्वयमा त्यस्तो हुलाक बस्तु तोकिएको गन्तव्यमा पुऱ्याइनेछ।

९) दोश्रो पक्षको प्रापकले हुलाक वस्तु बुझेपछि खालि भएका ICE BOX हरू फिर्ता गर्दा नजिकको हुलाक कार्यालय मार्फत दोश्रो पक्षलाई फिर्ता पठाउनुपर्नेछ र यसको लागि दोश्रो पक्षले आफ्ना सम्बन्धित निकायसँग समन्वय गर्नेछ ।

१०) हुलाक वस्तुहरू प्याकिङ्ग भएका ICE BOX हरु सम्बन्धित गन्तव्यमा बुझाए पश्चात खालि भएका ICE BOX दोश्रो पक्षको प्रापकले नजिकैको हुलाकमार्फत फिर्ता पठाउनु पर्नेछ र सो वस्तु काबु बाहिरको परिस्थितिमा बाहेक प्रथम पक्षले प्राप्त गरेको १ महिनाभित्र दोश्रो पक्षलाई फिर्ता गर्नेछ ।

११) प्रथम पक्षले हुलाक वस्तुहरू ढुवानी गरी तोकिएको स्थानमा पठाउने र दोश्रो पक्षलाई फिर्ता बुझाउने दुबै तर्फको कार्य गरेबाफ्त PARCEL/EMS ढुवानी सरहको प्रचलित नियमानुसारको विल दोस्रो पक्षलाई समयमै उपलब्ध गराउनेछ र विल बमोजिमको हुलाक महशुल दोस्रो पक्षले मासिक/त्रैमासिकरुपमा भुक्तानी गर्नेछ।

१२) हुलाक वस्तुहरू सम्बन्धित गन्तव्य पुऱ्याए पश्चात फिर्ता ल्याउनु पर्ने ICE BOX हरुको लागि प्रथम पक्षले पार्सल/EMS ढुवानी सरहको प्रचलित नियमानुसारको हुलाक महशुल समेत दोस्रो पक्षले गोश्वारा हुलाक कार्यालय, डिल्ली बजार काठमाण्डौलाई भुक्तानी गर्नेछ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
बबरमहल, काठमाडौं

Government of Nepal
Ministry of Health and Population
Department of Health Services
National Public Health Laboratory
Teku, Kathmandu

१३) प्रथम पक्षले NATIONAL EXTERNAL QUALITY ASSURANCE SCHEME (NEQAS) हुलाक वस्तुहरू लैजान र ती नमूना ढुवानी गरिएका ICE BOX फिर्ता ल्याउन आवश्यकता अनुसार स्थल वा हवाइ मार्ग प्रयोग गर्न सक्नेछ । हवाइ मार्गको प्रयोग गरिएको अवस्थामा सोहि वमोजिमको नियमानुसार महसुल र शुल्क दोश्रो पक्षले प्रथम पक्षका प्रतिनिधि (गोश्वारा हुलाक कार्यालय, डिल्ली बजार काठमाण्डौ) लाई उपलब्ध गराउनुपर्ने छ । दोस्रो पक्षले संवेदनशील/अति जरुरी भनी उल्लेख गरिएका हुलाक वस्तुहरू हवाई सेवा उपलब्ध भएका स्थानमा प्रथम पक्षले हवाई माध्यमबाट पठाउनु पर्नेछ ।

१४) दोश्रो पक्षले प्रथम पक्षसँग उपलब्ध डाँक ढुवानी सवारी साधनलाई भारी पुग्ने गरी ठुलो परिमाणमा हुलाक वस्तुहरू सिधै गन्तव्यमा पुऱ्याउनु पर्ने भएमा कम्तिमा ७ दिन अगावै जानकारी गराई आपसी समन्वयमा उक्त हुलाक वस्तुहरू ढुवानी र वितरणको व्यवस्था दोश्रो पक्षको गोश्वारा हुलाक कार्यालय, डिल्ली बजार काठमाण्डौले मिलाउनेछ ।

१५) दोस्रो पक्षले पठाउनुपर्ने गन्तव्यका तोकिएको कार्यालय वा वितरणकेन्द्रका लागि हुलाक वस्तुहरूको आवश्यकता अनुसार स्वास्थ्य नमूनाहरुको प्याकिङ्ग सम्बन्धी मापदण्डको पालना गरी ICE BOX वा BUBBLE ENVELOPE मा प्याकिङ्ग गर्ने एवं प्रापक कार्यालयगत रुपमा छुट्टाछुट्टै प्याकिङ्ग गर्ने दायित्व दोश्रो पक्षको हुनेछ।

१६) दोश्रो पक्षले हुलाक वस्तुहरूको प्याकिङ गर्दा अरू हुलाक वस्तुहरू वा हुलाक कर्मचारीलाई हानी नोक्सानी नपुऱ्याउने गरी बचाउको प्रबन्ध सहितको प्याकिङ गर्नुपर्ने दायित्व समेत दोश्रो पक्षको हुनेछ ।

१७) हुलाक वस्तुहरू ढुवानी गरी सोको भुक्तानी लगायतका विषयमा लेखा परिक्षणका सिलसिलामा कुनै सुझाव प्राप्त भएको अवस्थामा दोश्रो पक्षले सोको ब्यहोरा प्रथम पक्षलाई गराइ आपसी सहमतीमा उक्त सुझाव कार्यान्वयन गरिनेछ।

१८) सेवाप्रवाहमा कुनै समस्या भएमा दुवैपक्षको आपसी सहमतिमा यस सम्झौताका शर्तहरु संशोधन तथा परिमार्जन गर्न र कार्यप्रक्रियालाई सुधार गर्न सकिनेछ।

१९) यो सम्झौता बमोजिमको हुलाक वस्तुहरूको समन्वय, संचालन तथा व्यवस्थापन प्रथम पक्ष अन्तरगतको गोश्वारा हुलाक कार्यालय, डिल्लीबजारमार्फत हुनेछ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
हुलाक सेवा विभाग
बबरमहल, काठमाडौं

Government of Nepal
Ministry of Health and Population
Department of Health Services
National Public Health Laboratory
Teku, Kathmandu
2050

२०) हुलाक वस्तुहरू ढुवानीसेवामा क्षतिपूर्ति, गुनासो समाधान र अन्य व्यवस्था हुलाक सेवाको प्रचलित कानुन बमोजिम हुनेछ।

२१) यो सम्झौता कार्यान्वयन गर्न र कुनै समस्या वा विवाद आएमा समाधानका लागि सहजीकरण तथा समन्वय गर्न दुवै पक्षले आ-आफ्नो तर्फबाट एक/एकजना अधिकृतस्तरको कर्मचारीलाई सम्पर्क व्यक्ति तोकी एक आपसमा सोको जानकारी गराउनुपर्नेछ। कुनै पक्षबाट साविकको सम्पर्क व्यक्ति परिवर्तन गरिएको अवस्थामा सोको जानकारी यथाशीघ्र लिखित रुपमा अर्को पक्षलाई दिनु पर्नेछ ।

२२) यो सम्झौताको म्याद दुवै पक्षबाट प्रचलित कानुन बमोजिम भंग नभएसम्म कायम रहनेछ। कुनै पक्षले सम्झौता बमोजिमको कार्यलाई निरन्तरता दिन असमर्थ भएमा सोको सूचना कम्तीमा तीस (३०) दिन अगावै लिखित रुपमा अर्को पक्षलाई दिनु पर्नेछ । प्रचलित कानुन बमोजिम यो संझौता भंग गर्नु पर्ने भएमा दुवै पक्षले यस सम्झौतामा उल्लिखित शर्तहरु बमोजिम आ-आफ्नो पक्षको दायित्व फरफारक गर्नेछन् ।

२३) यस सम्झौतामा उल्लेख गरिएका विषय यसैबमोजिम र अन्य विषय प्रचलित कानुन बमोजिम हुनेछ।

**प्रथम पक्ष**

...................................

नाम : श्री मनमायाँ भट्टराई पंगेनी
पद: महानिर्देशक
कार्यालय: हुलाक सेवा विभाग
ठेगाना: बबरमहल, काठमाण्डौ
मिति २०८३/०१/२५

**साक्षी:**

...................................

श्री लोकनाथ सुवेदी
शाखा अधिकृत
गोश्वारा हुलाक कार्यालय
डिल्लिबजार, काठमाडौं

**दोश्रो पक्ष**

...................................

नाम : डा. रूणा झा
पद: निर्देशक (एघारौं तह)
कार्यालय: राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला
ठेगाना: टेकु, काठमाण्डौ
मिति २०८३/०१/२५

**साक्षी:**

...................................

मित्रलाल भट्टराई
शाखा अधिकृत
राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला
टेकु, काठमाण्डौ

Government of Nepal
Ministry of Health and Population
Department of Health Services
National Public Health Laboratory
Teku, Kathmandu
2050

अनुसुची १

<u>राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट सामान/नमुना प्राप्त तथा प्रेषण गर्ने उपत्यका भित्र र उपत्यका बाहिरका स्वास्थ्य संस्थाहरुः</u>

१. प्रदेश जनस्वास्थ्य प्रयोगशाला, कोशी प्रदेश, विराटनगर, मोरङ्ग
२. प्रदेश जनस्वास्थ्य प्रयोगशाला, मधेष प्रदेश, जनकपुरधाम, धनुषा
३. प्रदेश जनस्वास्थ्य प्रयोगशाला, बागमती प्रदेश, सूर्यविनायक, भक्तपुर
४. प्रदेश जनस्वास्थ्य प्रयोगशाला, गण्डकी प्रदेश, पोखरा, कास्की
५. प्रदेश जनस्वास्थ्य प्रयोगशाला, लुम्बिनी प्रदेश, तामनगर बुटवल, रुपन्देही
६. प्रदेश जनस्वास्थ्य प्रयोगशाला, कर्णाली प्रदेश, विरेन्द्रनगर, सुर्खेत
७. प्रदेश जनस्वास्थ्य प्रयोगशाला, सुदुर पश्चिम प्रदेश, धनगढी, कैलाली
८. सेती प्रादेशिक अस्पताल, धनगढी, कैलाली
९. प्रदेश अस्पताल कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत
१०. भेरी अस्पताल, नेपालगंज, बाँके
११. कर्णाली स्वास्थ्य बिज्ञान प्रतिष्ठान, जुम्ला
१२. भरतपुर अस्पताल, चितवन
१३. नारायणी अस्पताल, बिरगंज, पर्सा
१४. कोशी अस्पताल, बिराटनगर, मोरङ्ग
१५. मेची अस्पताल, भद्रपुर, झापा
१६. बि.पी. कोइराला स्वास्थ्य बिज्ञान प्रतिष्ठान, धरान, सुनसरी
१७. बकुलहर अस्पताल, रत्ननगर, चितवन

राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट सामान/नमुना प्राप्त तथा प्रेषण गर्ने उपत्यका बाहिरका स्वास्थ्य संस्थाहरु थप भएमा दोश्रो पक्षले प्रथम पक्षलाई लिखित जानकारी गराउनुपर्नेछ र यसरी थप भएका विषयहरु सम्झौताका अभिन्न अंग हुनेछन्।

नेपाल सरकार
स्वास्थ्य तथा सूचना प्रविधि मन्त्रालय
... सैन्य विभाग
... काठमाडौं

Government of Nepal
Ministry of Health and Population
Department of Health Services
National Public Health Laboratory
Teku, Kathmandu
2050

अनुसूची -२

१) कोल्ड चेन सहित २४ घण्टाभित्र सम्बन्धित स्वास्थ्य संस्थामा पुऱ्याई सक्नु पर्ने औषधिजन्य सामग्रीहरू एवं जनस्वास्थ्य सम्बन्धित नमुनाहरू दोस्रो पक्षले सोही दिन सम्बन्धित एअरलाइन्समार्फत पठाउन सक्नेछ र सोको शुल्क समेत सोही बमोजिम हुने छ ।

२) महामारी (Outbreak) को Sample समेत यसै सम्झौता अनुसार प्रथम पक्षले आकस्मिक रुपमा ढुवानीको व्यवस्था गर्नेछ ।